जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ४७ २०७९ साल भदौं २७ गते सोमबार (12 Sep 2022 Monday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : औपचारिकतामा सीमित... ३ पृष्ठमा : सूचना प्रविधिको प्रयोगले बदलिए ३ पृष्ठमा : सहायताको अभावमा गर्भवती...

# बाच्छी काटेको आरोपमा बाबु पक्राउ, छोरा फरार

## हिन्दुवादी संघ संगठनद्वारा कारवाहीको माग

**दैनिक समाचारदाता**
**राजविराज, २६ भदौ ।**

प्रहरीले सप्तरीको महादेवा गाउँपालिका ४ बलिया टोलका ६५ वर्षिय सकुर मियाँलाई गाईको बाच्छी काटेर मारेको आरोपमा शनिबार पक्राउ गरेको छ भने अर्का आरोपित उनका ३५ वर्षिय छोरा इलियासले भने फरार भएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले सकुर मियँको घरबाट काटी मारेको र टुक्रा टुक्रा गरि बोरामा राखिएको अन्दाजी ७/८ महिनाको बाच्छीको मासु ४/५ किलो र ४ वटा खुटा समेत बरामद गरिएको जनाएका छन् ।

गोप्य सूचनाको आधारमा शनिबार दिउँसो इलाका प्रहरी कार्यालय कंचनपुर र प्रहरी चौकी डिमनबाट खटेको संयुक्त प्रहरी टोलीले मारिएको बाच्छीको मासुसहित सकुरलाई नियन्त्रणमा लिइएको उनले बताए ।



*तस्बिर : राजविराज दैनिक*

**बाच्छा मारेर मासु बनाएर बोरामा राखिएको अवस्था ।**

खाने प्रयोजनका लागि घरमा बाच्छी काटिएकोले पक्राउ परेका मियाँलाई हाल अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय कंचनपुरमा राखिएको डिएसपी काफ्लेले बताए । यता प्रहरी आएको देख्ना साथ छोरा इलियास भने फरार भएको र खोजि कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैबीच आइतबार विभिन्न हिन्दुवादी संघ संगठन तथा राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरीले छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारि गर्दै गौं हत्यामा संलग्न माथी कडा कारवाहीको माग गरेका छन् ।

हिन्दु धर्मावलम्बीले गौ माताको रुपमा पुजा गर्ने तथा नेपालको राष्ट्रिय जनावर समेत रहेको गाईलाई संरक्षण गर्नु पर्ने ठाउँमा खाने प्रयोजनका लागि हत्या गर्ने कामको घोर भर्त्सना गर्दै विज्ञप्तिमार्फत दोषिमाथी कडा कारवाहीको माग गरिएको छ ।

# माओवादीले सप्तरी क्षेत्र नं. २ मा प्रतिनिधिसभा तथा प्रदेशसभा १ बाट कसैको नाम सिफारिस गरेन

**दैनिक समाचारदाता**
**राजविराज, २६ भदौ ।**

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि नेकपा माओवादी केन्द्र सप्तरीले क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्य तथा सोही क्षेत्रको प्रदेशसभा १ बाट कसैको नाम सिफारिस गरेको छैन ।

यसअघि यो क्षेत्रबाट जसपाका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. सिके राउत तथा लोसपाका अध्यक्ष महन्थ ठाकुर र नेता जयप्रकाश ठाकुरको नाम उम्मेदवारका लागि सिफारिस गरिएको छ । गत निर्वाचनमा यो क्षेत्रबाट जसपा अध्यक्ष उपेन्द्र यादव निर्वाचित भएका थिए ।

माओवादी केन्द्रले संघ र प्रदेशमा गठबन्धनको सरकार रहेकोले यस क्षेत्रबाट कसैको नाम सिफारिस नगरेको श्रोतले जनाएको छ । सोही गठबन्धमा जसपा पनि रहेकोले सो पार्टीबाट राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव उम्मेदवार बन्ने बलियो सम्भावना रहेको श्रोतको दाबी छ ।

यस्तै सोही क्षेत्रको प्रदेशसभा १ बाट जसपाका केन्द्रिय सदस्य एवं मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साहसहित पाँच जनाको नाम उम्मेदवारका लागि सिफारिस भएको जसपा सप्तरीले जनाएको छ । श्रोतका अनुसार प्रतिनिधिसभा क्षेत्र नं. २ र सोही क्षेत्रको प्रदेशसभा १ मा माओवादी केन्द्रले जसपासँग तालमेल गर्ने भएकोले आफ्नो कुनै पनि उम्मेदवारको नाम समेत सिफारिस नगरेको हो ।

यता नेकपा माओवादी केन्द्र सप्तरीका ईन्चार्ज तथा केन्दिय सदस्य अशोक कुमार मण्डल (अमर) ले आइतबार एक विज्ञप्ति जारि गर्दै जिल्लाको ४ वटै क्षेत्रको प्रदेश र प्रतिनिधिसभा सदस्यका सम्भावित उम्मेदवारहरुको नाम सिफारिस गरि केन्द्रिय कार्य समितिमा पठाएको जनाएका छन् ।

जसअनुसार सप्तरी क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यमा अशोक कुमार मण्डल (अमर) र सुर्यनाथ यादवको नाम उम्मेदवारका लागि सिफारिस गरिएको छ भने सोही क्षेत्रको प्रदेशसभा १ बाट शम्भु खडका र सत्य नारायण चौधरी तथा २ बाट अशोक कुमार मण्डल (अमर) र सुर्यनाथ यादवको नाम सिफारिस गरिएको छ ।

यस्तै क्षेत्र नं. २ को प्रदेशसभा २ बाट महेश प्रसाद यादव र उमेश कुमार यादवको नाम उम्मेदवारका लागि सिरफारिस गरिएको छ ।

यस्तै प्रतिनिधि सभा क्षेत्र नं. ३ बाट शेर सिंह र कर्मलाल यादव तथा प्रदेशसभा १ बाट अरुण कुमार साह र श्याम नारायण चौधरी तथा प्रदेशसभा २ बाट ऋषि यादव र कलाम खाँको नाम सिफारिस गरिएको छ ।

यसैगरि प्रतिनिधि सभा क्षेत्र नं. ४ बाट कर्मलाल चौधरी तथा प्रदेशसभा १ बाट रुबी कुमारी कर्ण तथा प्रदेशसभा २ बाट डा. सुर्या प्रसाद यादव र किरण यादवको नाम सिफारिस गरिएको जारि विज्ञप्तिमा उल्लेख छ ।

# मधेशमा लगानी गर्न मुख्यमन्त्री राउतको आग्रह

धनुषा, २६ भदौ (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले दक्षिण कोरियामा रहेका युवालाई मधेशमा लगानी गर्न आग्रह गर्नु भएको छ ।

मधेशी समाज दक्षिण कोरियाले आइतबार आयोजना गरेको दक्षिण कोरियाबाट तराईमा हुन सक्ने लगानी सम्भाव्यतासम्बन्धी भिजुअल अन्तरक्रियामा उहाँले कृषि, पर्यटन, उद्योग र शिक्षा क्षेत्रमा लगानीका बृहत सम्भावना रहेकाले सो अवसरलाई सदुपयोग गर्न आग्रह गर्नुभएको हो । मुख्यमन्त्री राउतले लगानीको

***बाँकी अन्तिम पृष्ठमा***

## भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ।।।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

# सरसफाईप्रति ध्यान पुगोस्

राजविराजमा अहिले विभिन्न भौतिक पूर्वाधारको काम भइरहेको छ। यद्पी ती कार्यहरु भइरहदा फोहर मैलाको उचित प्रबन्ध हुन सकिरहेको छैन्। हाल विगत भन्दा थोरै फोहर व्यवस्थापन भएको अवस्था रहेको यस नगरमा पूर्ण रुपले फोहर व्यवस्थापन गर्ने तर्फ उन्मुख भएको देखिन्न। नगरमा सरसफाइको कमी देखिएको छ।

यसरी भौतिक पूर्वाधारका कामहरु सडक तथा नाला निर्माण र सडक मरमतका कामहरु भइरहँदा फोहर व्यवस्था गर्न नसक्नु नगरपालिकाको उदासिनता देखिन्छ। एकातिर नयाँ भौतिक निर्माणका कार्यहरु हुनु र अर्कोतिर ती कामबाट भएका फोहरलाई व्यवस्थापन गर्नेतर्फ पहल गर्न नसक्नु हेलचक्राई गरिएको देखिन्छ।

तसर्थ नगरलाई दैनिकी सरसफाई गर्नेतर्फ नगरपालिकाले गम्भिर बन्नु पर्छ र स्थायी रुपमा फोहर व्यवस्थापनमा नगरपालिका कार्यालय तथा मातहतका कर्मचारीहरु पनि उत्तिकै जिम्मेवार बन्न सक्नुपर्छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# औपचारिकतामा सीमित बन्दै सोह्र श्राद्ध

**पूर्णप्रसाद मिश्र**
काठमाडौँ, २६ भदौ (रासस)।

'पितरो वाक्यमिच्छन्ति भावमिच्छन्ति देवता' अर्थात् पितृले वाक्यको इच्छा गर्छन्, देवतालाई भाव भए पुग्छ।

श्राद्ध अर्थात् पितृकर्ममा वाक्य मिलेन भने श्राद्ध गर्नुको अर्थ हुँदैन, व्यर्थ हुन्छ। यसैगरी श्राद्ध गर्दा तोकिएको समयमा गर्नुपर्छ। ब्राह्मणले धेरै घरमा सिध्याउन बिहानै श्राद्ध गराउन खोजेमा त्यसो गर्दा पनि पितृले नपाउने शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको छ।

श्राद्धमा कर्ताले पालना गर्नुपर्ने एकछाकी बाहेकका सबै नियम निमन्त्रणा पाएको पुरोहितले पनि पालना गर्नुपर्ने शास्त्रीय विधि रहेको बताउनुहुन्छ वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुख एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा डा देवमणि भट्टराई।

श्राद्ध गराउने पुरोहितले पनि घरमा पूजा गर्नु नहुने शास्त्रीय वचन छ। नित्य पूजा गर्ने अरु कोही नभई गर्नै पर्ने भएमा पूजा गरिसकेपछि फेरि स्नान गरेर मात्र यजमान कहाँ श्राद्ध गर्न जानुपर्छ। पुरोहितले पनि निधारमा टीका लगाउनुहुँदैन। "कर्ता र पुरोहितको पनि निधारमा टीका देखेपछि पितृ निराश भएर फर्कन्छन्, यसैले पूजा गर्नै पर्ने भए पनि पानीको मात्र टीका लगाउनुपर्छ, पुरोहितले एक घरमा मात्र श्राद्ध गर्नुपर्छ"-उहाँले भन्नुभयो।

देशे काले च पात्रे च श्रद्धया विधिना च यत्।
पितृनुद्दिश्य विप्रेभ्यो दत्तं श्राद्धमुहाह्तमे ॥

देशकाल पात्रमा श्रद्धाले विधिपूर्वक पितृहरुको नामोच्चारण गरी ब्राम्हणहरुलाई जो दान दिइन्छ त्यो दानलाई श्राद्ध भनिन्छ भनी विभिन्न ग्रन्थमा उल्लेख गरिएको छ।

सोह्र श्राद्धमा कुनै एक पितृको मात्र नभएर दिवङ्गत भएका सम्पूर्ण पितृको सम्झनामा तर्पण दिई श्राद्ध गरिन्छ। आफ्नै घर हुनेले घरमा र घर नहुनेले नदीको किनारमा श्राद्ध गर्नुपर्छ। अघिल्लो दिनदेखि नै चोखो बसेर, कपाल काटेर श्राद्ध गर्नुपर्ने शास्त्रीय नियम रहेको पण्डित बालमुकुन्द देवकोटा बताउनुहुन्छ। ब्रम्हाजीले बताएअनुसार श्राद्ध भनेको श्रद्धा अर्थात् विश्वास हो। दिवङ्गत पितृको कर्म गर्दा दिएको पाउनुहुन्छ भनेर श्रद्धा र विश्वासले ब्राम्ह्ण, गाई, अग्नि, नदी, दुःखी, गरिब, असहायमा समर्पण गर्नु श्राद्ध हो भनी शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको छ।

नेपाल धर्म र संस्कृतिले धेरै धनी रहेको छ। प्रत्येक दिनजसो एक न एक पर्व परेकै हुन्छ। चान्द्रमानको पात्रोअनुसार वर्षमा चौबीस पक्ष रहेका हुन्छन्। वर्षका चौबीस पक्षमध्ये आश्विन कृष्णपक्षलाई पितृपक्ष वा सामान्य बोलीचालीको भाषामा सोह्र श्राद्ध भनिन्छ। एक पक्षमा पन्ध्र तिथि हुने भएपनि भाद्र शुक्लपूर्णिमादेखि आश्विन कृष्ण औँसीसम्मका सोह्र तिथिमा श्राद्ध गरिने भएकाले यस समयमा गरिने श्राद्धलाई सोह्र श्राद्ध भनिएको हो।

यसलाई पार्वण श्राद्ध पनि भनिन्छ। बढ्दो आधुनिकताका कारणले गर्दा कतिपय व्यक्तिलाई श्राद्धका नियम थाहा नहुन पनि सक्दछ। हरेक व्यक्तिको जिम्मेवारी बढ्दै गएको कारणले गर्दा आफ्नो संस्कार, मूल्य र मान्यतालाई बिर्सिदै जाने क्रम बढेको छ। समाजबाट सदाचार, संस्कार, नैतिक शिक्षा, असल समाज तथा राष्ट्र निर्माणका लागि नभई नहुने वस्तुको अभाव हुँदै गएको छ।

पितृ खुसी हुनु भयो भने आयु, पुत्र, धन, विद्या, राज्य, सुख, स्वर्ग, मोक्ष प्राप्त हुन्छ। त्यसैले शास्त्रले पितृकर्मलाई अत्यन्त महत्व दिएको छ। देवताले दिने, पितृले हर्ने शास्त्रीय मान्यता नेपाली समाजमा रहँदै आएको छ।

न सन्ति पितरश्चेती कृत्वा मनसि यो नर।
श्राद्धम् न कुरुते तत्र तस्य रक्तं पिवन्ति ते ॥

अर्थात् जसले पितृ छैनन् वा हुँदैनन् भनी श्राद्धादि कर्म गर्दैनन् भने त्यसको रगत पितृले पिउँछन् भन्ने वचन पनि ग्रन्थमा रहेको छ। भगवान् राम, भीष्मपितामह आदिले पनि श्राद्ध गर्नुभएको रामायाण, महाभारतलगायत ग्रन्थमा उल्लेख गरिएको छ।

हाम्रा धार्मिक शास्त्रमा श्राद्ध धेरै किसिमका छन्। भविष्य पुराणमा श्राद्ध १२ वटा उल्लेख गरिएको छ। दिनदिनै गरिने नित्य श्राद्ध हो। वार्षिक एकोद्दिष्ट नैमित्तिक श्राद्ध, आफ्नो इच्छा सिद्ध होस् भनी गरिने काम्य श्राद्ध, विवाह आदि अभ्युदयमा गरिने वृद्धि श्राद्ध, सपिण्डी श्राद्ध, पार्वण श्राद्ध, गोठमा गरिने गोष्ठी श्राद्ध, पितृ तृप्ति विद्धानको सुख प्राप्ति र शुद्धिका निमित्त गरिने ब्राह्मण भोजन शुद्धि श्राद्ध हो।

सीमन्तोनयन, पुंसवन आदि संस्कारका निमित्त गरिने कर्मांङ्ग श्राद्ध हो। देवताका लागि गरिने दैविक श्राद्ध। देशान्तरमा जाँदा घ्यूले गरिने यात्रा श्राद्ध हो। शरीर स्वस्थ होस् भनी गरिने पुष्टिश्राद्ध हो।

यसैगरी अर्को ग्रन्थमा पाँच प्रकारको श्राद्धको उल्लेख गरिएको छ। यो श्राद्ध भने आजकाल धेरै गरिएको देखिन्छ। यसमा नित्य, नैमितिक, काम्य, वृद्धि र पार्वण श्राद्ध रहेका छन्। हाम्रो समाजमा एकोद्दिष्ट बढी प्रचलनमा छ। पितृलाई वार्षिक रुपमा मृत तिथिमा गरिने श्राद्धलाई एकोद्दिष्ट श्राद्ध भनिन्छ। पितृको मृत महिना, पक्ष र तिथि याद गरी यो श्राद्ध गरिन्छ।

वर्षको एकपटक पार्वण श्राद्ध गरिन्छ। सोह्र श्राद्ध समेत भनिने पिता अर्थात् बाबुको जुन तिथिमा गरिन्छ। एक पार्वण श्राद्ध औंसी तिथिमा र आश्विन कृष्ण पक्षमा मृत्यु भएकाको तिथि श्राद्धलाई एक पार्वण श्राद्ध पनि भनिन्छ।

आश्विन कृष्ण पक्षमा गर्नुपर्ने श्राद्धको महिमा श्रीमद्भागवत, महाभारत आदि पौराणिक ग्रन्थमा पनि वर्णन गरिएको छ। पार्वण श्राद्धमा चार जना ब्राम्ह्ण चाहिने भएकाले ब्राम्ह्णको प्रतीक स्वरुप कुशको ब्राम्ह्ण थापिन्छ। पहिले-पहिले पार्वण श्राद्ध गर्दा चार जना ब्राम्ह्ण अगाडि राखेर पूजाआजा गर्ने परम्परा थियो। यो परम्परा लोप हुँदै गएर श्राद्ध मण्डपमा कुशको ब्राम्हण राख्न थालिएको पण्डित देवकोटा बताउनुहुन्छ। दुवैपट्टि दुई/दुई ब्राम्ह्णलाई क्रमशः विश्वदेव र पितृ ब्राम्ह्ण भनिन्छ।

पार्वण श्राद्ध अन्य श्राद्धको विधि जस्तै सुरुमा देव, मनुष्य, दिव्यपितृ र स्वपितृलाई तर्पण दिएर सुरु गरिन्छ। प्रत्येक ब्राम्हणलाई निमन्त्रणा गरिन्छ। यसपछि विकटदान गरी पिण्ड दानका लागि वेदी बनाएर पूजा गरिन्छ। प्रत्येक पितृलाई पिण्ड दिनुअघि पिण्डासन दिई पितृको नाम लिएर विधिपूर्वक पिण्डदान गरिन्छ। श्राद्धको लागि स्थान हेर्ने हो भने पार्वण श्राद्ध आफ्नै घरमा बसेर वा आफ्नो घर नभए पवित्र तीर्थस्थल, गङ्गाको तिरमा गएर पनि गर्ने चलन छ। घरमै भए पनि श्राद्ध गर्दा भूमिमै गर्नुपर्ने नियम छ।

**के हो पिण्ड ?**

पिण्ड भनेको ब्रह्माण्डको उत्तम वस्तुद्वारा निर्मित पितृलाई नाम गोत्रोच्चारणपूर्वक समर्पण गरिने पितृको भोज्य अर्थात् खाने पदार्थ हो। श्राद्धको दिन छोरीको छोरो (नाति), कुश, तुलसी, कालो तिल, मासको बारा, अदुवाको भुजुङ्गो छोप चाहिन्छ।

कर्ताले दिएको पिण्डको अन्न पितृलाई अमृत अवस्थामा प्राप्त हुन्छ। दैत्ययोनीमा गएको भए भोगरुपमा प्राप्त हुन्छ। पशु योनिमा तृण अर्थात् घाँसका रुपमा प्राप्त हुन्छ। सर्प योनिमा वायु रुपमा प्राप्त हुन्छ। यक्ष योनिमा गएको भए पान रुपले प्राप्त हुन्छ। मनुष्य योनीमा गएको भए अन्नका अनेक रुपमा प्राप्त हुन्छ। प्रेत योनिमा गएको भए रगतको रुपमा प्राप्त हुन्छ भन्ने शास्त्रीय मान्यता रहेको छ।

**पितृ पक्ष (सोह्र श्राद्ध) को अपराह्नकाल : कुन तिथि कतिखेर गर्ने ?**

दिवङ्गत पितृका नाममा प्रत्येक वर्ष आश्विन कृष्ण पक्षमा गरिने सोह्र श्राद्धका लागि आवश्यक पर्ने अपराह्नकालको समय निर्धारण गरिएको हुन्छ। धर्मशास्त्रका विभिन्न ग्रन्थमा सोह्र श्राद्ध अपराह्नकालमा गर्नु भन्ने वचन अनुसार पञ्चाङ्गकार तोयनाथ पन्तको पात्रोका सम्पादक सूर्यनाथ पन्तले सोह्र श्राद्धका सबै तिथिको समय निकाली सार्वजनिक गर्नुभएको हो।

पितृ पक्षसमेत भनिने सोह्र श्राद्ध यस वर्ष भदौ २६ गते आइतबारदेखि सुरु भएको छ। सोह्र श्राद्धमा अपराह्नकालमा पिण्डदान नगरे पितृले पाउँदैनन् भन्ने शास्त्रीय प्रमाण छ।

आइतबार प्रतिपदा तिथिको श्राद्ध दिउँसो १३ : १४ बजेदेखि १४:१९ बजेसम्ममा पिण्डदान गर्ने गरी निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो। यो समयभित्रमै पिण्डदान गर्नुपर्नेछ। तर्पण, दियो पूजा, विश्वेदेवा एवं पितृ ब्राह्मणको आह्वान र पूजा तोकिएको समयअघि नै गर्न सकिने विधि छ। यो समयमा पिण्डदान नगरे पितृले पाउँदैनन् भन्ने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ।

भदौ २६ गते आइतबार नै द्वितीया तिथि श्राद्ध दिउँसो १४:०९ बजेदेखि सूर्यास्तपूर्व सम्मको समय दिइएको छ। भदौ २७ गते सोमबार तृतीया तिथि श्राद्धको समय १३:३० बजेदेखि सूर्यास्त पूर्वसम्म गर्न सकिन्छ। भदौ २८ गते मङ्गलबार चतुर्थी तिथि श्राद्ध पनि १३:१२ बजेदेखि सूर्यास्त पूर्व नै सक्ने गरी गर्नुपर्छ।

यसैगरी पञ्चमी तिथि श्राद्ध भदौ २९ गते बुधबार दिउँसो १३: बजेदेखि सूर्यास्त पूर्वको समयसम्ममा सक्नुपर्नेछ। षष्ठी तिथि श्राद्ध भदौ ३० गते बिहीबार १३:११ बजेदेखि सूर्यास्त पूर्वको समयसम्ममा गर्नुपर्नेछ। सप्तमी तिथि श्राद्ध भदौ ३१ गते शुक्रबार १३:११ बजेदेखि सूर्यास्त पूर्व सम्ममा गर्नुपर्नेछ। यस वर्ष असोज १ गते शनिबार कुनै पनि तिथिको श्राद्ध नहुने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले स्वीकृति दिएका पञ्चाङ्ग (पात्रो) मा उल्लेख छ।

अष्टमी तिथि श्राद्ध असोज २ गते आइतबार दिउँसो १३ :०९ बजेदेखि सूर्यास्त पूर्वसम्ममा गर्नुपर्ने शास्त्रीय विधि छ। नवमी तिथि श्राद्ध असोज ३ गते सोमबार दिउँसो १३:१० देखि सूर्यास्त पूर्वको समयमा सक्ने गरी गर्नुपर्नेछ। दशमी तिथि श्राद्ध असोज ४ गते मङ्गलबार १३:०९ बजेदेखि सूर्यास्त पूर्वको समयसम्ममा गर्नुपर्नेछ।

एकादशी श्राद्ध असोज ५ गते बुधबार दिउँसो १३:०८ बजेदेखि सूर्यास्त पूर्वको समयमा सक्ने गरी गर्नुपर्नेछ। द्वादशी तिथि श्राद्ध असोज ६ गते बिहीबार १३:०८ बजेदेखि सूर्यास्त पूर्वकै समयमा सक्ने गरी गर्नुपर्नेछ। त्रयोदशी तिथि श्राद्ध असोज ७ गते शुक्रबार १३:०८ बजेदेखि सूर्यास्त पूर्वकै समयसम्ममा गर्नुपर्नेछ।

यसैगरी चतुर्दशी तिथि श्राद्ध असोज ८ गते शनिबार १३:०६ बजेदेखि सूर्यास्त पूर्वसम्ममा गरिसक्नुपर्ने सम्पादक पन्तले बताउनुभयो। औँसी तिथि श्राद्ध असोज ९ गते आइतबार दिउँसो १३:०७ बजेदेखि सूर्यास्त पूर्वकै समयसम्ममा गरिसक्नु पर्नेछ। अपराह्नकाल पारेर पिण्डदान नगरेमा श्राद्ध गरेर पाइने फल पाउन नसकिने शास्त्रीय प्रमाण छ। यस्तो श्राद्ध पितृले पाउँदैनन्।

कारणवश श्राद्ध रोकिँदा शास्त्रमा अनेक विकल्प दिइएका छन्। सोह्र श्राद्ध कर्ताले आफ्ना पिताको तिथिमा गर्नुपर्ने विधान छ। आपत् धर्मअनुसार कुनै कारणवश अड्किएमा आश्विन कृष्ण औँसीदेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् गौतम बताउनुहुन्छ।

पितृपक्ष अर्थात् सोह्र श्राद्धमा

*बाँकी तीन पृष्ठमा*

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सूचना प्रविधिको प्रयोगले बदलिए देशभरका मालपोत कार्यालय

**रमेश लम्साल**
काठमाडौं, २६ भदौ (रासस)।

सरकारले सूचना तथा प्रविधिको अधिकतम प्रयोग गरेर भूमिसँग सम्बन्धित कामलाई छिटोछरितो र प्रभावकारी बनाउन विभिन्न कार्यक्रम अगाडि बढाएको छ। मालपोत तथा नापी कार्यालयमा नै नगईकन पब्लिक एक्सेस मोडचुलको प्रयोगबाट बैंक तथा वित्तीय संस्था तथा कर्मचारी सञ्चय कोष समेतले जग्गा रोक्का वा फुकुवा गर्ने व्यवस्था गरिएको छ।

यसबाट जग्गाधनी वा बैंक तथा वित्तीय संस्थालाई पनि कार्य सम्पादन गर्न सहज भएको छ। विशेषगरी निजामती एवम् विभिन्न सरकारी निकायका कार्यरत कर्मचारीले कर्मचारी सञ्चय कोषमार्फत ऋण लिंदा राखिने जग्गा रोक्काको कामसमेत यसबाट थप सहज भएको छ।

त्यस्तै घर वा जग्गाको फुकुवासमेत मालपोत कार्यालयमा नै नगईकन काम हुने गरी व्यवस्था गरिएको छ। यसले सहज रुपमा सेवाग्राहीले सुविधा पाएका छन्। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठले सूचना प्रविधिको अधिकतम उपयोग गरेर सेवालाई विश्वासिलो, भरपर्दो बनाउन मन्त्रालयले अधिकतम प्रयास गरेको जानकारी दिनुभयो।

उहाँले सूचना तथा प्रविधिको प्रयोगबाट उपलब्ध हुने सेवाबाट आर्थिक अनियमितता रोक्न सकिने र अनावश्यक झन्झटसमेत व्यहोर्नु नपर्ने भए पनि सेवाग्राहीले सहज रुपमा काम गर्न सक्ने वातावरण सिर्जना भएको बताउनुभयो।

जग्गा प्रशासनसम्बन्धी सेवालाई सरल, सहज र पारदर्शी बनाउन देशभरका एक सय २६ वटै भूमिसुधार तथा मालपोत कार्यालयमा भूमिसम्बन्धी सूचना तथा व्यवस्थापन प्रणालीमार्फत आधुनिक अनलाइन पद्धतिबाट सेवा प्रवाह भएको छ। सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन प्रणालीगत सबलीकरणअन्तर्गत हार्डवेयरको स्तरोन्नति कार्य सम्पन्न भएको छ।

प्रणाली नचलेको तथा सर्भरमा समस्या भएको जस्ता बहाना देखाएर सेवाग्राहीलाई दुःख दिनसमेत नसक्ने गरी प्रणालीको स्तरोन्नति गरिएको छ। देशभरका मालपोत तथा नापी कार्यालयमा कर्मचारीको आकर्षण बढाउन पनि यस खालको व्यवस्था गर्नुपरेको सरकारको बुझाइ छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार सरकारी निकायमध्ये सबैभन्दा बढी आर्थिक अनियमितता हुने निकायका रुपमा मालपोत र नापी कार्यालय देखिँदै आएको छ। सोही कारण पनि ती निकायका कर्मचारीको आकर्षण घटेको देखिन्छ। सेवाग्राही र कर्मचारीको भेट नै हुन नपर्ने व्यवस्था गरिएपछि आर्थिक अनियमिततासमेत रोक्न सकिने सरकारको बुझाइ छ। सेवाग्राहीले जुनसुकै स्थानबाट अनलाइनमार्फत जग्गा कारोबारको लिखतसम्बन्धी कार्य गर्न सक्ने गरी हाल ७४ भूमिसुधार तथा मालपोत कार्यालयमा 'पब्लिक एक्सेस मोडल (पाम)' लागू गरिएको छ।

सो प्रणालीको प्रयोगबाट कार्यसम्पादनमा समेत सहजता पैदा भएको छ। मालपोत कार्यालयमा नै नगईकन बैंक तथा वित्तीय संस्था एवम् कर्मचारी सञ्चय कोषले समेत जग्गा रोक्का राख्न वा फुकुवा गर्न सकिन्छ। सो सेवा हाल कलङ्की र ललितपुर मालपोत कार्यालयबाट सुरु गरिएको छ। अन्य मालपोत कार्यालयमा पनि लागू गर्ने तयारी गरिएको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो।

नापी कार्यालयबाट प्रदान गरिने सेवालाई सरल एवम् सहज बनाउनका लागि नक्सा प्रिन्ट लगायतका सेवा अनलाइनमार्फत जुनसुकै स्थानबाट प्राप्त गर्न सकिने गरी विकास गरिएको 'मेरो कित्ता' प्रणाली र नेपाल भूसूचना प्रणालीबाट ५० नापी कार्यालयमा सेवा प्रवाह गरिएको छ।

मन्त्रालयबाटै मालपोत र नापी कार्यालयको गतिविधि एवम् सेवा प्रवाहको अवस्था अनलाइन प्रणालीको माध्यमबाट नियमन गर्न सकिने प्रणालीसमेत सञ्चालनमा ल्याइएको छ।

मालपोत कार्यालयलाई मन्त्रालयबाटै प्रत्यक्ष रुपमा अनुगमन तथा निरीक्षण गर्न सकिने गरी सिसिटीभी सर्भिलेन्स सिष्टम स्थापना गरिएको छ। यसबाट कर्मचारी सर्भर नचलेको वा प्राविधिक समस्या भएको भनेर सेवाग्राहीलाई दुःख दिने सम्भावना क्रमशः अन्त्य भएको छ।

सबै मालपोत कार्यालयको सेवा प्रवाहका लागि प्रयोगमा रहेको नेटवर्क मन्त्रालयबाटै अनुगमन गर्न सकिने प्रणाली सञ्चालनमा ल्याइएपछि हरेक दिनको विवरणसमेत सहज भई उपलब्ध हुने गरेको छ। यसबाट मालपोत कार्यालयबाट प्रवाह भएको सेवा सङ्ख्या तथा सङ्कलन भएको राजश्वको विवरणसमेत प्राप्त हुने गरेको छ। सूचना प्रविधिको प्रयोगले भूमि प्रशासनमा गुणात्मक परिवर्तन भएको र त्यसलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालय लागिपरेको मन्त्री श्रेष्ठको भनाइ छ।

### *औपचारिकतामा ...*

कोरोनाकै कारण श्राद्ध गर्न नसक्नेले आश्विन शुक्ल पञ्चमीसम्म पनि गर्न शास्त्रसम्मत् हुने उहाँले सुनाउनुभयो। यो समयमा पनि कारणवश सोह्र श्राद्ध गर्न नसकिएमा कात्तिक कृष्ण औंसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिन्छ। कात्तिक कृष्ण औंसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने शास्त्रीय मत छ।

चाडपर्व यज्ञयागादि तथा ठूला कार्य गर्नु अघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्पराअनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो। दशैं, तिहारजस्ता सनातन धर्मावलम्बीले मनाउने ठूला पर्वअघि श्रद्धा, भक्तिका साथ दिवङ्गत पितृलाई सम्झन सोह्र श्राद्ध गर्न थालिएको हो। यस समयमा पितृले आश गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ।

# यसरी मनाइन्छ जितिया पर्व

**अर्चना झा**
ललितपुर (गोदावरी), २६ भदौ (रासस)।

जिउतिया, जिमुतवाहन र जिवित्पुत्रका नामले पनि चिनिन्छ, जितीया पर्व। यो मधेशको महत्वपूर्ण लोक पर्व हो। यो पर्वमा विशेषगरी सन्तानको दीर्घायु, सुखशान्तिका साथै वंश वृद्धीको कामना गर्दै यहाँका महिला ब्रत बस्ने गर्छन्। यो ब्रत तीन दिनसम्म चल्छ। असोज सप्तमीदेखि नवमी तिथीसम्म विधिपूर्वक ब्रत गरिन्छ।

मैथिल महिला समाज नेपालका अध्यक्ष अञ्जला झाले जितया ब्रतको विधिबारे जानकारी दिँदै भन्नुभयो, "यो पर्वमा महिलाहरू सामूहिक रुपमा जिमुतवाहन कथा सुन्ने गरिन्छ, तवमात्र ब्रत पूर्ण हुन्छ भन्ने लोक मान्यता छ।" पछिल्लो समय देशभर यो पर्व मनाउने गरिन्छ।

विशेष गरेर थारु र तराईका महिलाहरू काठमाडौंको पशुपती क्षेत्रका मन्दिरमा पुजा गर्छन्। खोला-नालामा गई धुमधामसँग जितिया पर्व मनाउँछन्। तर शहरका खोलाहरू फोहर भएकाले घरमै वर्तालुहरू नुहाउने गर्छन्। उहाँले भन्नुभयो, "सप्तमी अर्थात् पहिलो दिनलाई 'निहाएखाय'को दिन भनिन्छ। यस दिनमा बिहानै बर्तालु नङ काटी खोला, पोखरी वा घरमै गङ्गाजल पानीमा राखी तोरीको तेल र खरी(पिना)ले नुहाउने गरिन्छ। त्यो दिन पितृ स्मरण गरी पूजा गरिन्छ।"

विषेश गरेर यो दिन नौनीको साग, कोदोको पिठोको रोटी, कन्दा, झिमनीको तरकारी खान्छ। कति ठाउँमा माछा पनि खाई पूजाको शुरुआत गरिन्छ। खानाको लागि तिथी अनुसारको समय तोकिएको हुन्छ। त्यहीअनुसार सप्तमीको एक छाक मात्र नूनिलो खाना खानुपर्छ।

अध्यक्ष झाका अनुसार जितियाको दोस्रो दिनलाई खुरजितिया भनिन्छ। यस वर्षमा सरगही-ओठगन गर्ने समय पनि छ। बिहानै सबेरै नुहाएर घिरौंलाको पातमा दही, चिउरा मिठाईले चिल, स्याल र जिमुतवाहनको पूजा गरिन्छ। त्यही सयमम ब्रतको संकल्प लिई ब्रतालुले प्रसादी खाने गर्छ। त्यस समयमा परिवारको सदस्यहरूले पनि चढाएको प्रसादी खाने चलन छ। विशेषगरी ब्रतालु घरका बालबालिकालाई प्रसादी दिए खुशी तुल्याइन्छ।

यो जितिया ब्रत छठ जस्तै, कठीन ब्रत हो। अष्टमी तिथीको जतीया ब्रतको संकल्प लिई सकेपछि निरहार, निर्जला ब्रत नवमी अर्थात् पारनसम्म बस्नुपर्छ। यो ब्रत प्रदोशकाल अर्थात् औंसीमा गरिन्छ। यो वर्ष नयाँ ब्रतालुहरूलाई शुभ मुहरत (समय) छ।

अष्टमीको दिन जितीया (जिवित्पुत्रिका) को माटो वा गाईको गोवरको मूर्ति बनाएर पूजा गरिन्छ। त्यसैगरी चिल र स्यालको पनि प्रतिमा बनाएर पूजा गरिन्छ। पूजा सामग्रीमा विशेषगरी रक्षा धागो, रातो सिन्दुरको टीका, पान, ल्वाङ, नभाँचिएको चामलको अक्षयता, भिजेको चना, काक्रो, पान र घिरौंलोको पात, श्रृंगारको सामान आदिले विधिपूर्वक ब्रतालुले कथा, गीत गाएर पूजा गर्छन्।

*बाँकी अन्तिम पृष्ठमा*




डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट),
हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

## विश्व समाचार

### सहायताको अभावमा गर्भवती महिला र गर्भमा रहेको बच्चाको मृत्यु

पाकिस्तान (सिन्ध), २६ भदौ (रासस/एएनआई)।

बाढी प्रभावित पाकिस्तानको खैरपुर जिल्लामा समयमै चिकित्सा सहायता, राहत सामग्रीको अभावमा शनिबार एक आमा र उनको गर्भमा रहेको बच्चाको मृत्यु भएको छ। सडकमा बाढीको पानीका कारण महिलालाई अस्पताल पुऱ्याउन नसक्दा खैरपुर जिल्लाको अकारी गाउँमा उक्त घटना भएको एआरवाई समाचारले जनाएको छ। हालै, संयुक्त राष्ट्रसङ्घ जनसङ्ख्या कोष (युएनएफपिए)ले पनि पाकिस्तानमा बाढी प्रभावित क्षेत्रमा करिब छ लाख ५० हजार गर्भवती महिलालाई स्वास्थ्य सेवा उपलब्ध गराउन चिन्ता व्यक्त गरेको छ।

अर्को महिना सुत्केरी हुने अनुमान गरिएका ७३ हजार महिलालाई दक्ष स्वास्थ्यकर्मीलगायत नवजात शिशुको हेरचाह र सहयोगको आवश्यकता पर्ने संयुक्त राष्ट्रसङ्घ एजेन्सीले थप जानकारी दिएको एआरवाई समाचारले जनाएको छ। पाकिस्तानमा विनाशकारी बाढीकाबीच, महिला र उनीकोहरुको आवश्यकता कठिनाईमा परेको छ। तिनीमध्ये धेरै खुला आकाशमुनि बस्न बाध्य भएका छन्। अचानक आएको बाढीले देशका ८० जिल्लालाई नराम्ररी प्रभावित भएको छ। पछिल्लो २४ घण्टामा थप १९ जनाको ज्यान गएपछि पाकिस्तानमा बाढीबाट मृत्यु हुनेको सङ्ख्या करिब १२ सय पुगेको छ।

### आतंकारी हमलामा मारिएकाको सम्झना

न्युयोर्क, २६ भदौ (रासस/एपी)।

एक्काइस वर्षअघि आजकै दिन यहाँस्थित विश्व व्यापार केन्द्रका जुम्ल्याहा भवन, रक्षा मन्त्रालय (पेन्टागन) र पेन्सिलभेनियाको एउटा मैदानमा भएको आतङ्कारी हमलामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जलि अर्पण गर्दै सम्झना गरियो। पुष्पहार चढाएर तथा मैनबत्ती बालेर दिवङ्गतहरूमा श्रद्धा प्रकट पनि गरियो भने मौन धारण गरेर उनीहरूको चिरशान्तिको कामना गरिएको छ। देशका विभिन्न भागमा पनि दिवङ्गतको सम्झनामा स्मृतिसभा गरिँदै छ।

उक्त आक्रमणमा तीन हजारभन्दा बढीको असामयिक अवसान भएको थियो। एक्काइस वर्षदेखि अमेरिकाले आतङ्कवादविरुद्ध अभियान नै सञ्चालन गरेको छ भने उसले राष्ट्रिय सुरक्षा नीतिमा व्यापक फेरबदल पनि गरेको छ। यद्यपि लक्ष्यित उद्देश्य हासिल नभएको सुरक्षा विज्ञहरूले बताएका छन्। आतङ्कवादी सङ्गठन अल कायदा सम्बद्ध १९ जना अरब आतङ्कारीले चार वटा व्यावसायिक विमान अपहरण गरेर जुम्ल्याहा भवनमा आक्रमण गरेका थिए।

### महारानीको पार्थिव शरीर लण्डन ल्याइँदै

लण्डन, २६ भदौ (रासस/एपी)।

बिहीबार दिवङ्गत हुनुभएकी महारानी एलिजाबेथ द्वितीयको पार्थिव शरीर उहाँको प्रिय बालमोरल दरबारबाट राजकीय अन्त्येष्टिका निम्ति आइतबार यहाँ ल्याइँदै छ। महारानीले विश्राम गर्ने ग्रीष्मकालीन दरबारबाट छ जनाले कटुसको काठबाट बनाइएको 'कफिन'मा उहाँको अन्तिम यात्रा प्रारम्भ गर्नेछन्। बालमोरल दरबारबाट दुई सय ८० किलोमिटर लामो यात्रापछि महारानीको शव इडिनबरा राजप्रासाद पुऱ्याइने छ। शवयात्राको मार्गमा पुष्पहारसहितका बेलाइतवासीले आफ्नी रानीलाई पङ्तिबद्ध भएर श्रद्धाञ्जलि अर्पण गर्ने अपेक्षा गरिएको छ।

आइतवार बिहान बालमोरल दरबारको मुख्यद्वारमा महारानीको हातले बनाइएको तस्बिर, एउटा सानो भालु खेलौना र फूलको थुप्रोले उहाँप्रति श्रद्धाञ्जलि अर्पण गरिएको थियो। महारानीका ज्येष्ठ सुपुत्र चार्ल्स तृतीयलाई औपचारिकरूपमा राजा घोषणा गरिएको भोलिपल्ट उहाँको लण्डनतर्फको शवयात्रा प्रारम्भ हुन लागेको हो। शुक्रबार नवनरेश चार्ल्सले राजसिंहासन सम्हाल्दै दिवङ्गत महारानीले देश र जनताका निम्ति गर्नुभएको सेवा एवम् जिम्मेवारी आफूले पनि पूर्ण इमानदारी एवम् निष्ठाका साथ निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। साथै उहाँले आफ्नी आमाका प्रेरणादायी पथलाई अनुशरण गर्ने दृढता व्यक्त गर्दै राष्ट्रका नाममा गर्नुभएको सम्बोधनमा बेलाइतको महान् विरासत र सार्वभौमसत्ताको कर्तव्यबारे अवगतलाई अवगत भएको र त्यो गहन जिम्मेवारी इमानदारी एवम् सजगताका साथ निर्वाह गर्ने प्रतिबद्धता दोहोऱ्याउनुभएको थियो।

आइतबार उहाँलाई संयुक्त अधिराज्यका अन्य राष्ट्र स्कटल्याण्ड, वेल्स र उत्तरी आयरल्याण्डको राजा घोषणा गरिँदै छ। मातृवियोगमा रहनुभएका नवनरेश चार्ल्सले शुक्रबारदेखि नै राजकीय कर्तव्यहरू निर्वाह गर्न थाल्नुभएको छ। उहाँले बकिङ्घम राजाप्रासादमा प्रधानमन्त्री मेरी एलिजाबेथ ट्रस, राष्ट्रमण्डलका महासचिवलगायत राज्य सञ्चालनका सहयोगीहरूसँग भेटवार्ता गर्नुभएको छ।

सोमबार महारानीको पार्थिव शरीर होलिरूड हाउसबाट सेन्ट गिल्स गिर्जाघर पुऱ्याइने छ। मङ्गबारसम्म त्यहीँ राखेपछि विमानबाट उहाँको शव लण्डन ल्याइनेछ। बुधबार बकिङ्घम राजप्रासदबाट शव संसद् भवनमा लगिने छ। असोज ३ गते वेस्टमिनिस्टर गिर्जाघरमा समाधिस्थ नगरेसम्म महारानीको पार्थिव शरीर त्यही रहनेछ।

शोकाकुल हासउ अफ विन्डसरमा शनिबार खुशीका केही सङ्केत पनि देखिए। राजकुमार विलियम उहाँका भाइ ह्यारीको पत्निहरूसहितको संयुक्त उपस्थितिले राजपरिवारबीचको सम्भावित मेलमिलापलाई बेलाइतवासीले हर्ष र आश्चर्यका साथ प्रतीक्षा गरिरहेका छन्।

# वंशजका आधारमा नागरिकता पाउनुपर्छ : अध्यक्ष ओली

मोरङ, २६ भदौ (रासस)।

नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले जन्मसिद्ध नागरिकका सन्तानले वंशजका आधारमा नागरिकता पाउनुपर्ने बताउनुभएको छ। विराटनगर विमानस्थलमा शनिबार सञ्चारकर्मीसँग उहाँले सरकारले अहिले ल्याइएको नागरिकता विधेयकमा जन्मसिद्धका छोराछोरीलाई वंशजको नागरिकता पाउनेछन् भन्ने संशोधन थप गरी विधेयक ल्याउनुपर्ने धारणा राख्नुभयो।

अध्यक्ष ओलीले भन्नुभयो, “यो संशोधन विधेयक तीन दिनमा पास हुनेछ।” उहाँले नागरिकता विधेयक सम्बन्धमा सरकारले तनावको विषय बनाएर समस्या समाधान गर्न नखोजेको आरोप लगाउनुभयो। उहाँले नागरिकता विषयका सम्बन्धमा गठबन्धन दललाई भोटको राजनीति नगर्न अनुरोध गर्नुभयो।

पूर्वप्रधानमन्त्री ओलीले संसद् बहस र विधिका आधारमा चल्नु पर्दछ भन्दै व्यक्तिले संसद् चलाउन खोज्नु मुलुकलाई अस्थिरतातर्फ धकेल्नु भएको धारणा राख्नुभयो। पूर्वप्रधानमन्त्री ओलीले निर्वाचन मिति घोषणा भइसकेका अवस्थामा सरकारले कर्मचारी सरुवा र नियुक्ति गर्नु गलत कार्य भएको बताउनुभयो।

उहाँले निर्वाचन आयोगले निष्पक्ष तथा स्वतन्त्र निर्वाचनका लागि प्रशासन सञ्चालनको जिम्मा आफ्नो हातमा लिनुपर्ने र न्यायाधीशमार्फत निर्वाचन परिचालन गर्नुपर्ने सुझाव दिनुभयो।

# छ सय ४० नयाँ व्यावसायिक प्रतिष्ठानलाई नापतौल इजाजतपत्र

काठमाडौं, २६ भदौ (रासस)।

गुणस्तर तथा नापतौल कार्यालय विराटनगरले आर्थिक वर्ष २०७८/७९ मा छ सय ४० नयाँ व्यवसायी तथा औद्योगिक प्रतिष्ठानलाई नापतौलसम्बन्धी नयाँ इजाजाजतपत्र प्रदान गरेको छ।

कार्यालयका अनुसार गत आवको साउनदेखि असार मसान्तसम्ममा कोशी र सगरमाथा कार्यालयअन्तर्गत व्यवसायिक फर्मलाई सो इजाजतपत्र वितरण गरिएको हो।

कार्यालय प्रमुख मनोजकुमार पोखेलद्वारा उपलब्ध विवरणमा कोशी र सगरमाथाअन्तर्गत तीन हजार तीन सय १९ व्यवसायिक तथा औद्योगिक प्रष्ठिान सो कार्यालयबाट हालसम्म नापतौलसम्बन्धी इजाजतपत्र लिइ सञ्चालनमा रहेका छन्।

सोअवधिमा कार्यालबाट सात सय ३९ थान पम्पको नोजल जाँच गरेको र दुई सय ३९ ट्याङ्करको क्यालिब्रेशन जाँच गरेको बताइएको छ। उपरोक्त कारोबारबाट सो अवधिमा रु एक करोड २० लाख ४६ हजार आठ सय ८१ राजश्व सङ्कलन गरेको छ भने कार्यालयबाट एकल अनुगमन २२ पटक तथा संयुक्त अनुगमन २१ पटक भएको कार्यालयले जनाएको छ।

# मधेसी दलितको क्लस्टरलाई सम्बोधन गर्छौं : प्रमुख निर्वाचन आयुक्त

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ भदौ।**

निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले कानुनले प्रष्ट व्यवस्था नगरेका कारण निर्वाचित पदहरूमा मधेसी दलितहरूको प्रतिनिधित्व कम भएको बताएका छन्।

निर्वाचन सम्बन्धी ऐनमा दलितभित्र पनि मधेसी दलितको क्लस्टरलाई सम्बोधन गर्ने व्यवस्थागर्न सक्यो भने प्रत्येक वर्ष दलितहरूले आयोगलाई ध्यानकर्षण गराउनु आवश्यक नहुने पनि बताए।

थपलियाले आफूहरू कानुनको मस्यौदा तयारीका क्रममा रहेकाले त्यसमा मधेसी दलितलाई पनि समावेश गराउने प्रतिबद्धता व्यक्त गरेका थिए। राजनीतिक दलको संरचनामा पनि मधेसी दलितको प्रतिनिधित्व कम भएको स्वीकार्दै उनले दलहरूलाई पनि त्यसबारेमा ध्यानाकर्षण गराउँछौं भने।

आइतबार दलित सरोकार मञ्च नेपालको नेतृत्वमा विभिन्न दलमा आबद्ध दलित नेता, कानुन व्यवसायीहरूद्वारा मधेसी दलितको प्रतिनिधित्व सुनिश्चित गर्न आयोगलाई ध्यानकर्षण गराउने क्रममा थपलियाले उक्त धारणा व्यक्त गरेका हुन्।

‘आयोगलाई समस्या के छ भने २६ मध्ये समानुपातिकतर्फ १३.८ प्रतिशत आरक्षण कोटाभित्र एउटै जातिकालाई सिफारिस गऱ्यो भनेपनि हामी बदर गर्न सक्दैनौं’, थपलियाको भनाइ उद्धृत गर्दै दलित सरोकार मञ्चद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

प्रमुख निर्वाचन आयुक्तले व्यक्त गरेका धारणा विज्ञप्तिमा यसरी उल्लेख छ- अहिले संविधानले होलसेलमा बोल्छ।कानुन बनाउँदा यी कुरा खण्डीकरण भएर आउनुपर्ने हो। हाम्रो त्रुटि के भएको छ भने त्यो चाहे दलित होस् या अपाङ्गता, खण्डीकृत तथ्याङ्कका अधारमा समावेशी समानुपातिकको सवाललाई सम्बोधन गर्नुपर्थ्यो तर ऐनमा कमजोरी देखियो।

थपलियाका अनुसार अहिले आयोगले कार्यविधि बनाइसकेकोछ र ८४ वटै दललाई सूची कसरी बुझाउने भन्ने विषयमा पनि छलफल गरेको छ। बाहुनकी छोरी दलितसँग विवाह गरेर आएपछि दलित कोटामा प्रतिनिधित्व गर्ने तर सदियौंदेखि विभेदमा परेका मान्छे नआउने अवस्था पनि उनले औल्याए।

वि.सं. २०७४ सालको संसदीय निर्वाचनमा दलितलाई सांसद बनाएको अवस्था हेर्दा प्रतिनिधि सभामा दलित समुदायबाट १९ जना सांसद भएकामा १ जनामात्र मधेसी दलित थिए। यसैगरी राष्ट्रिय सभामा दलित समुदायबाट ७ जना सांसद भएकामध्ये २ जनामात्र मधेसी दलित छन्। त्यसैगरी प्रदेश सभामा ५ सय ५० जना सांसद भएका मध्ये दलित समुदायबाट ३३ जनामात्र थिए। जसमध्ये मधेसी दलितको सङ्ख्या ८ जनामात्र छ। प्रदेश सभाको प्रत्यक्षतर्फ ३३० सिट रहेकामा दलित समुदायबाट ४ जनामात्र विजयी भएका थिए। जसमा मधेसी दलित एकजना पनि थिएनन्। यसरी नै समानुपातिकतर्फ २२० जनामध्ये दलित समुदायबाट २९ जना विजयी भएका थिए। जसमा मधेसी दलित ८ जना थिए। यो भनेको जम्मा प्रदेश सभामा मधेसी दलितको प्रतिशत १.४५ हुन आउँछ भने कुल दलितभित्र मधेसी दलितको प्रतिशतचाहिँ २७ हुन आउँछ।

ज्ञापनपत्र बुझाउन दलित सरोकार मञ्च नेपालका पूर्वनिर्देशक भोला पासवान,अधिवक्ता रक्षाराम हरिजन,शैलेन्द्र अम्बेडकर,संविधानसभा सदस्य शम्भु हजरा, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य घनश्यामप्रसाद रजक,नेपाली कङ्ग्रेसका मधेस प्रदेश समिति सदस्य भुवनेश्वर साफी,कानुनका विद्यार्थी सञ्जयकुमार पासी, प्रशान्त राव,राहुल रजक, दलित सङ्घकी केन्द्रीय सदस्य मोहनी साफी,नेका महासमिति सदस्य सिकेन्द्र पासवान, दलित सङ्घका सचिव धर्मेन्द्र पासवानलगायत पुगेका थिए।

# एक सय ४ जना संक्रमित

काठमाडौं, २६ भदौ (रासस) :

कोरोना भाइरसको संक्रमण आइतबार एक सय चार जनामा देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतबार गरेको नियमित बुलेटिनमा तीन हजार पाँच सय ८७ परीक्षणमध्ये एक सय चार जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो।

आइतबार दुई सय एक कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई घर फर्किएका छन्। निको हुने प्रतिशत ९८.६ प्रतिशत रहेको छ। सक्रिय संक्रमितको संख्या दुई हजार तीन सय १६ पुगेको छ। आइतबार कोरोना भाइरसको संक्रमणबाट एक जनाको निधन भएको छ। अहिलेसम्म संक्रमणबाट निधन हुनेको संख्या १२ हजार १४ पुगेको छ।

पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला काठमाडौं र दुई सयभन्दा बढी संक्रमित भएको जिल्ला ललितपुर र चितवन रहेका छन्। संक्रमित शून्य भएका जिल्ला मनाङ, मुस्ताङ, जाजरकोट, हुम्ला, डोल्पा, जुम्ला, मुगु, बझाङ र दार्चुला रहेका छन्।

होम आइसोलेशनमा दुई हजार दुई सय ३६, संस्थागत आइसोलेशनमा ८०, सघन उपचार कक्षमा १४ र भेन्टिलेटरमा एक जनाको उपचार भइरहेको छ। आइतबार कोरोना भाइरस विरुद्धको खोप आठ हजार चार सय १२ जनाले खोप लगाएका छन्।

### *मधेशमा लगानी ...*

वातावरण निर्माण गर्न आफू जिम्मेवार भएर लाग्ने विश्वास दिलाउनुभयो।

उहाँले भन्नुभयो, “आफ्नो माटोप्रति तपाईंहरूले देखाउनुभएको सद्भाव अनुकरणीय छ। मधेश सरकारको तर्फबाट तपाईंहरूलाई धन्यवाद दिन चाहन्छु। आउनुस्, लगानी गर्नुहोस्, वातावरण हामी दिन्छौं। समृद्ध मधेश निर्माणको बाटोमा यहाँको सहयोगको अपेक्षा हामीले गरेका छौं।”

प्रदेश सरकारले उद्योग ऐनमार्फत लगानीको वातावरण सुनिश्चित गरीसकेको उहाँले स्पष्ट पार्नुभयो। कार्यक्रममा दक्षिण कोरियामा रहेको एक सयभन्दा बढी युवाको सहभागिता रहेको थियो।

### *यसरी मनाइन्छ ...*

यो ब्रत नेपालको विभिन्न भौगोलिक क्षेत्र साथै काठमाडौं उपत्यकालगायत विशेषत तराई क्षेत्रमा वसोवास गर्ने महिलाले पूर्व तयारी गरी धुमधामसँग मनाउने गर्छन्।

नेपाल महिला समाजका समूहका अध्यक्ष अनामिका झाका अनुसार यो ब्रत सन्तान हुने महिलाले मात्र गर्छन्। यसमा छोरा-छोरीको केही भेदभाव नगरी पूजा गरिन्छ। यो ब्रत गर्दा सन्तानको सबै सङ्कट दूर हुन्छ भन्ने विश्ववास प्राचिनकालदेखि रहँदै आएको छ। यो सन्तानको आयू लामो होस् सुख शान्तीको कामना गर्दै आमाले जितिया भगवानसँग निर्जला ब्रत बसी प्रार्थना गर्छ। यो ब्रत कठिन हुने भएकाले स्वास्थ्य अवस्थालाई विशेष ध्यान दिनुपर्ने उहाँको सुझाव छ।

गर्मी एवं बर्षात्को समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

यसबाट बच्न,
- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np